दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २९२ | बुटवल | २०८१ कार्तिक ०९, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Oct. 25, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**निमोनियाबाट बचौं र बचाऔं**

**फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरुः**
-ज्वरो आउने, खोकी लाग्ने,
-श्वासप्रश्वासको गति बढ्ने, श्वास फेर्न गाह्रो हुने,
-स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने ।
-शरीर निलो हुने, यसबाट बढी मात्रामा बालबालिका प्रभावित हुने हुँदा त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## लामिछानेलाई सात दिन म्याद थप, ज्यादति भएको गुनासो



पोखरा । सहकारी ठगी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछानेलाई थप सात दिन हिरासतमा राख्न कास्की जिल्ला अदालत कास्कीले अनुमति दिएको छ ।

गत शुक्रबार (कात्तिक २) पक्राउ परेलगत्तै पोखरा लगिएका रविलाई आइतबार म्याद थपका लागि पुनः अदालतमा पेस गरिएको थियो । न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले बिहीबार थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको इजलासले उनलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न गत आइतबार अनुमति दिएको थियो ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमै पक्राउ परेका रविका व्यावसायिक साझेदार छविलाल जोशी बञ्जाडे र लिला पछाईंलाई पनि थप ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत कास्कीले अनुमति दिएको छ । लामिछानेले आफूमाथि राज्यपक्षले ज्यादतिपूर्ण व्यवहार गरेको गुनासो गरेका छन् । म्याद थपका लागि अदालत प्रस्तुत गरिँदा न्यायाधीशसामु उनले सो गुनासो गरेका हुन् ।

उनी इजलासमा निकै आक्रोशितरूपमा प्रस्तुत भएका थिए । 'माथि' को निर्देशनमा प्रहरीले आफूलाई नराम्रो व्यवहार गरेको र मानसिक यातना दिएको उनले दाबी गरेका थिए । उनको म्यादसम्बन्धी सुनुवाइ न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासमा भएको थियो ।

रविका वकिल वरिष्ठ अधिवक्ता नारायण घिमिरेले सुरुमा रविले केही बोल्न चाहेको बताएका थिए । 'ममाथि प्रहरीहरूबाट अन्यायपूर्ण व्यवहार भएको छ । राजनीतिक प्रतिशोध साँध्न खोजियो । मलाई हिरासतभित्र मानसिकरूपमा ह्यारेसमेन्ट गर्न खोजिएको छ । मैले सबैतिर बयान दिएको छु । सबै परीक्षामा पास भएको छु । मेरो कतै पनि सहभागिता नरहेको प्रष्ट भइसकेको छ । तर, राज्यशक्तिको दुरुपयोग गरेर मलाई जेल हाल्न खोजियो ।'

रविले आफ्नो स्वर चर्को हुन गएको र यो आक्रोशको अभिव्यक्ति भएको बताए । उनले आफूलाई न्यायालयप्रति विश्वास रहेको उल्लेख गरे ।

## धनराज र ऋषिकेषलाई कारबाही गर : माओवादी

काठमाडौं । नेकपा माओवादी केन्द्रले रवि लामिछानेमात्रै नभइ सहकारी ठगी प्रकरणमा जोडिएका कांग्रेस उपसभापति धनराज गुरुङ र सार्वजनिक लेखा समितिका सभापति ऋषिकेष पोखरेललाई पनि कारबाही गर्नुपर्ने बताएको छ । नेकपा माओवादी केन्द्रले बिहीबार काठमाडौंमा गरेको पत्रकार सम्मेलनमा उपाध्यक्ष अग्नि सापकोटाले सहकारी ठगी प्रक्रियामा राज्यले पक्षपाति व्यवहार गर्न नहुने बताएका हुन् । नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङर नेकपा एमालेका ऋषिकेष पोखरेललगायतलाई प्रमाण हुँदाहुँदै पनि खुला रुपमा संरक्षण गरिएको उनले जनाए ।

सापकोटाले आफूहरु सहकारी पीडितकै पक्षमा रहेको र उनीहरुको फसेको रकम फिर्ता हुनुपर्ने भन्नेमै रहेको सुनाए । उनले पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको मात्रै पक्षमा नरहेको बताउँदै मुद्दा अदालती प्रक्रियामा गइसकेको तर, पक्षपाती हुनुहुँदैन, दोहोरो मापदण्ड गर्नु हुँदैन भन्ने माओवादीको मान्यता रहेको बताए ।

## छुट्टा छुट्टै घटनामा पाँच जनाको मृत्यु

**विकास बन्जाडे**
*कपिलवस्तु*

कपिलवस्तुको बुद्धभूमि नगरपालिका-२, गोरुसिंगे बजारमा बिहीबार दिउँसो जीपले अटोलाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरुसिंगेका प्रहरी प्रमुख निरीक्षक पंकज चुँदालीका अनुसार पश्चिमबाट पूर्वतर्फ गइरहेको बा प्र ०१-०२९ च ९१५० नम्बरको जीपले विपरीत दिशाबाट आइरहेको लु १ ह ३०९२ नम्बरको अटोलाई ठक्कर दिँदा दुई जनाको उपचार गर्न लगिदैं गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीकाअनुसार मृत्यु हुनेमा बुद्धभूमि नगरपालिका-१०, जनकपुरका ७२ वर्षीया सरस्वती पासी र ७५ वर्षका सावर केवटको मृत्यु भएको हो । दुबैजना अटो रिक्सामा सवार थिए ।

घाइते पासीलाई उपचारका लागि तौलिहवा लैजाँदै गर्दा र अर्का घाइते केवटलाई उपचारका लागि बुटवल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो । दुर्घटनामा अटो चालक लोकबहादुर कुँवर, यात्रुहरू विद्यावती पासी, भानमती पासी र जवाहिर अहिर घाइते भएका छन् । घाइतेको चारै जनाको अवस्था गम्भीर रहेकाले चौराहा अस्पतालमा आइसीयुमा राखी उपचार भैरहेको अटो चालक लोकबहादुरका छोरा दलबहादुर कुँवरले जानकारी दिए ।

» बाँकी ३ पेजमा

# ट्रंकलाइन प्रयोग नगरेकालाई बक्यौता तिर्न ताकेताले उद्योगीहरू हैरान

**टिआर शर्मा**
*बुटवल*

रुपन्देहीको बुटवल-भैरहवा औद्योगिक कोरिडोरका १४ उद्योगले ट्रंकलाइनको माग र प्रयोग नगरेको अवस्थामा पनि बक्यौता रहेको भन्दै विद्युत् प्राधिकरणले किस्ता बुझाउन ताकेता गरेपछि हैरानी खेपेको उद्योगीहरुले गुनासो गरेका छन् ।

नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय कार्यालयबाट कर्मचारीले रुपन्देहीका उद्योगीलाई फोन गरी बक्यौताको एक किस्ता रकम जम्मा गर्न ताकेका गर्दै अन्यथा शुक्रबार बेलुकासम्म लाइन काटिने चेतावनी दिएर तनाव दिएको उद्योगीहरुको भनाइ छ ।

लोडसेडिङका बेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत् २४ सैं घण्टा विद्युत् उपभोग गरेका भन्दै ४९ उद्योगलाई बक्यौता रकम तिर्न प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कार्तिक ८ गतेसम्मको अल्टिमेटम दिएका थिए ।

तर रुपन्देहीका १४ उद्योगले आफूहरुले ट्रंकलाइन माग र प्रयोग दुबै नगरेको, प्राधिकरणले प्रयोग गरेको प्रमाण समेत दिन नसकेकाले देशका अन्य उद्योग र यहाँका १४ उद्योगको समस्या फरक रहेको हुँदा आफूहरुले बक्यौता तिर्न बाँकी नरहेको दाबी गर्दै आएका छन् ।

बक्यौता विवाद लेखा समितिमा विचाराधीन रहेको र प्राधिकरणका कार्यकारी निर्देशकलाई उर्जामन्त्रीले स्पष्टिकरण सोधको बेला तिहारको मुखमा उद्योगीलाई मानसिक तनाव दिने गरी तर्साउन खोजिएको एसआर स्टिलका सञ्चालक सुरज उप्रेतीले गुनासो गरे ।

'प्राधिकरणको हेड अफिसबाट कर्मचारीले बिहीबार दिउँसो पौने १ बजे फोन गरेर ट्रंकलाइन वापतको २८ किस्तामध्ये एक किस्ता बिहीबार बुझाउनुभयो भने लाइन काटिन्न, अन्यथा शुक्रबार बेलुकासम्म लाइन काटिन्छ भनेर ताकेता गरे,'-पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहूले भने-'माग र प्रयोग नगरेको लाइनको पैसा कसरी तिर्ने ? एक किस्ता तिरेपछि त्यसैलाई नजिर बनाएर बाँकी किस्ता पनि तिराउने प्राधिकरणको खेल हो ।'

उद्योगमा लाइन काट्ने वा नकाट्ने विषयमा प्राधिकरण सञ्चालक समितिको बैठक बस्दै गरेका बेला उद्योगीहरुलाई फोन गरेर विवादित बक्यौताको किस्ता बुझाउन दबाब दिनु गलत भएको साहूले बताए ।

प्राधिकरणले मंसिर २०७६ देखि डेडिकेटेड सरह प्रिमियम दरमा बिल पठाउँदै गऱ्यो भने उद्योगले साधारण दरमा आफैं हिसाब गरेर विगतमा जस्तै समयमै महसुल भुक्तानी गरिराखेका थिए ।

यसैबिच वितरण केन्द्रबाट यी उद्योगलाई चैत २०७४ देखि कात्तिक २०७६ सम्म बक्यौता भन्दै ४१ करोड बढी बक्यौता रहेको बिल पठाउँदै भुक्तानी नगरे विद्युत् आपूर्ति रोकिदिने चेतावनीयुक्त पत्र पठाएपछि विवाद झनै चर्कियो । बैशाख २०७७ देखि साधारण बिल आउन थालेपछि नियमित तिर्न थाले । तै पनि पुरानो बक्यौता विवादले उद्योगी तनावमै रहे ।

उद्योगीले माग नै नगरेको डेडिकेटेड र ट्रंकलाइन बापत भन्दै ६६ प्रतिशत बढी दरको बक्यौता कसरी भयो भन्ने सम्बन्धमा स्पष्ट जानकारी माग्दा समेत वितरण केन्द्रले नदिएर गुमराहमा राखेको उद्योगीको गुनासो छ ।

उद्योगहरूले बक्यौताको सामान्य गणना जानकारी तथा ट्रंकलाइनमा जोड्ने निर्णयबारे सूचनाको हक प्रयोग गर्दै सूचना माग गरे तर प्राधिकरणले दिएन ।


नेपाल विद्युत प्राधिकरण


Load Dispatch Center

सूचना नदिएको विषयमा जिल्ला प्रशासन कार्यालयमा गुनासो गर्दा बल्ल पुरानो भुक्तानी गरिसकेको बिल रकममा ट्रंक लाइन बापत सोलोडोलो ६६ प्रतिशत प्रिमियम थप गरी बिलिङ गरेको हो भन्ने जानकारी गराएको थियो ।

तर, ट्रंक लाइनबाट २० घण्टाभन्दा बढी विद्युत् आपूर्ति भएको प्रमाण 'टाइम अफ डे' (टीओडी) डाटा भने दिन प्राधिकरणले नसकेको उद्योगी चन्द्रमान श्रेष्ठले बताए ।

कानुनअनुसार ट्रंकलाइनबाट निरन्तर विद्युत् आपूर्ति लिन प्राधिकरण सञ्चालक समितिको स्वीकृति अनिवार्य गरिएको छ । तर, रुपन्देहीका १४ उद्योगले प्राधिकरण समक्ष न कुनै माग गरेका छन्, न त प्राधिकरण सञ्चालक समितिबाट कुनै निर्णय भएको छ ।

'हामीसँग ट्रंकलाइनबाट विद्युत् खपत गर्ने सम्बन्धमा कुनै माग, सहमति तथा सम्झौता नै भएको छैन, न त २० घण्टा विद्युत् नै खपत गरेका थियौं,' एभरेस्ट रोलिङ मिलका सञ्चालक अरुण गोयन्काले भने-'प्राधिकरण सञ्चालक समिति सदस्य भक्तबहादुर पुन संयोजक रहेको समितिको प्रतिवेदनले नै उद्योगहरूले ट्रंकलाइन माग नगरेको तथ्य स्वीकार गरेको अवस्थामा उद्योगीलाई बक्यौता भन्दै बारम्बार तनाव दिनु सर्वथा अनुचित छ ।'

प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइन विवाद सम्बन्धमा जाचँबुझ गर्न सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा २९ चैत २०७५ मा गठन गरेको समितिले बुटवल क्षेत्रीय कार्यालयअन्तर्गत विवाद जाचँबुझ गर्दा आफ्नो प्रतिवदेनमा १४ उद्योगका सम्बन्धमा १४ चैत २०७४ सम्म पञ्चकन्या औद्योगिक करिडोरमा अमुवा सबस्टेसनको आपूर्ति रहेकोमा उक्त मितिदेखि प्राधिकरण भैरहवाले आन्तरिक लोड व्यवस्थापन गर्न भरवलिया सबस्टेसनलाई अमुवा सबस्टेसनमा जडान गर्ने क्रममा उक्त औद्योगिक करिडोर ट्रंक लाइनमा परिवर्तन हुन गएको उल्लेख छ ।

यहाँका १४ उद्योगलाई ट्रंक लाइनको प्रिमियम बिलिङ गर्ने कि नगर्ने भन्ने विषयमा ४ चैत २०७५ मा विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रको आन्तरिक टिप्पणी र आदेशमा समेत ट्रंकलाइन बन्नुभन्दा अगाडि भरवलिया फिडरबाट निस्केको ३३ केभी औद्योगिक सप्लाई रहेका ग्राहक प्राधिकरणको लोड म्यानेजमेन्ट (भार व्यवस्थापन) का कारण ट्रंक लाइनमा पर्न गएकाले उक्त ग्राहकको बिलिङ साविककै ट्यारिफ (अनुसूची १) अनुसार गर्न निर्णयार्थ पेस गरेको थियो ।

उक्त सिफारिसमा 'साविक भैरहवा न्यू १३३ केभीए फिडरबाट विद्युत् आपूर्ति भइरहेकोमा उक्त फिडर ओभरलोड भई लोडसेडिङ गर्नुपर्ने बाध्यता रहेकाले भैरहवा वितरण केन्द्रको ३३ केभी भरवलिया फिडर अन्डरलोडमा रहेकाले लोड ब्यालेन्स गर्न न्यू १ फिडर भरवलिया सबस्टेसनबाट निस्केको औद्योगिक फिडरलाई अमुवा सबस्टेसन जाने लाइनमा जोडिएकाले उक्त ३३ केभीए फिडर ट्रंकलाइन बन्न गएको बेहोरा उल्लेख थियो ।

यो प्रतिवेदनअनुसार उद्योगीले ट्रंकलाइन माग नै नगरेको पुष्टि भएको पञ्चकन्या समूहका महाप्रबन्धक साहुले बताए ।

प्राधिकरण सञ्चालक समिति सदस्य समेत रहेका भक्तबहादुर पुन संयोजकत्वको समितिको प्रतिवेदन, वितरण केन्द्रको आन्तरिक निर्णय, कानुनी व्यवस्था तथा विवादको सत्यतथ्य बोकेर उद्योगीले पटक-पटक प्राधिकरण एवं राजनीतिक नेतृत्वलाई भेट गर्दै आफ्ना कुरा राखे पनि यस क्षेत्रका उद्योगको फरक समस्याबारे अझैं सम्बन्धित निकायले औपचारिक रूपमा स्वीकार गरेर निर्णय नगर्दा आफूहरू अनाहकमा ४१ करोड बक्यौताको भारी बोकेर हिँड्नुपरेको नवनेपाल प्लास्टिक उद्योगका सञ्चालक नवराज श्रेष्ठले बताए ।

'हामीले समस्या राखेपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले समेत पञ्चकन्या करिडोरका १४ उद्योगको समस्या फरक रहेको विषय आफूलाई बल्ल थाहा पाएको भन्दै सहजीकरण गरिदिने आश्वासन समेत दिएका थिए ।

» बाँकी ३ पेजमा

## तीन जना थपिंदा लुम्बिनीको मन्त्रिमण्डल ११ सदस्यीय



**लुम्बिनी संवाददाता**
**बुटवल**

लुम्बिनी प्रदेशमा बुधबार नियुक्त तीनजना नयाँ मन्त्रीले पद तथा गोपनियताको शपथ लिएका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यले नेपाली कांग्रेसका तर्फबाट बर्दियाका जन्मजय तिमिल्सिना र पश्चिम नवलपरासीका देवकरण कलवार तथा जनता समाजवादी पार्टीबाट बाँकेका आदेशकुमार अग्रवाललाई बुधबार मन्त्री नियुक्त गरेका थिए ।

तिमिल्सिनालाई सामाजिक विकास, कलवारलाई वन तथा वातावरण र अग्रवाललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी तोकिएको छ । तीनैजना मन्त्रीले बिहीबार प्रदेश प्रमुखको कार्यालय बुटवलमा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरबाट शपथ लिएका हुन् । कांग्रेस र एमालेका ५६ जना सांसदको हस्तक्षरमा साउन ७ गते नेकपा एमाले संसदीय दलका तत्कालीन उपनेता (हाल नेता) चेतनारायण आचार्य मुख्यमन्त्री नियुक्त भएका थिए ।

पहिलोपटक मन्त्रिपरिषद् गठन गर्दा नेपाली कांग्रेसबाट प्रमुख सचेतक तिमिल्सेनाको नेतृत्वमा सरकारमा जाने तयारी थियो, तर शपथ ग्रहण गर्न प्रदेश प्रमुखको कार्यालय पुगेका तिमिल्सेनाको नाम मन्त्रीको सूचिबाट हटाइएपछि उनी असन्तुष्ट बनेका थिए । पार्टीभित्रको असन्तुष्टीकै कारण लामो समयसम्म मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको थिएन । १२ मन्त्रालय रहेको लुम्बिनीमा तीन जना नयाँ मन्त्री थपिएसँगै मन्त्रिमण्डल ११ सदस्यीय बनेको छ ।

युवा तथा खेलकुद मन्त्रालय मुख्यमन्त्री आचार्यले नै सम्हालेका छन् । मन्त्रिमण्डलमा एमालेबाट मुख्यमन्त्रीसहित ५ जना र कांग्रेसबाट पनि ५ जना मन्त्री पुगेका छन् । एमालेबाट मुख्यमन्त्री आचार्यसँगै भूमिश्वर ढकाल, दिनेश पन्थी, खेमबहादुर सारु र सीता शर्मा मन्त्री छन् ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## काम देखाउनुपर्ने बेला

सरकार गठन भएको सय दिन बित्दै गर्दा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मन्त्रिपरिषद् विस्तार गरेका छन् । १२ सदस्यीय लुम्बिनी मन्त्रिपरिषद्मा तीन जना मन्त्रीले बिहीबार सपथ लिएसँगै ११ सदस्यीय पुगेको छ। अब मन्त्रालयको नेतृत्वको अभावमा बजेट कार्यान्वयन गर्न समस्या भयो भन्ने गुनासो गर्ने प्रवृत्तिको अन्त्य भएको छ । मुख्यमन्त्री आचार्यले मन्त्रिपरिषद् विस्तारलाई सुरुदेखि नै पहलकदमी लिएको भए पनि सत्ता घटक कांग्रेसको आन्तरिक कलहको व्यवस्थापन नहुँदा ढिलाइ हुँदै आएको थियो। आन्तरिक व्यवस्थापनसँगै कांग्रेस संसदीय दलका नेताले मन्त्रीको नाम दिएपछि आचार्यको पहल निष्कर्षमा पुग्यो ।

अब युवा तथा खेलकुद मन्त्रालयमा मन्त्रीको टुंगो लाग्न बाँकी छ। यो मन्त्रालय सत्तामा सहभागी साना दललाई दिने समझदारी छ । यो मन्त्रालयको कामको बोझ धेरै नभएकाले पनि नेतृत्व नहुँदैमा समस्या पर्ने होइन् । मुख्यमन्त्रीले आफैं यो मन्त्रालयको कामको संयोजन गर्ने भएकाले नेतृत्वको अभावको महशुस कर्मचारी संयन्त्रले गर्नुपर्ने छैन । कांग्रेस-एमाले दुई ठूला दलको बलियो गठबन्धन भएकाले यो सरकारप्रति नागरिकका आशा र अपेक्षा धेरै छन् । राजनैतिक स्थायित्व भएपछि मुलुकमा विकास र सुशासनको कामले गति लिन्छ। र, कांग्रेस-एमाले मिल्दा राजनैतिक स्थिरता कायम हुन्छ भन्ने मनोविज्ञान छ। ठूला दुई दल मिलेर स्थिरता दिने र त्यही जगमा विकास र सुशासनको बलियो आधार खडा गर्ने अवसर आएको छ। यो अवसरलाई भरपुर उपयोग गरी जनअपेक्षा पूरा गर्ने अभिभारा अहिलेको नेतृत्वमा आएको छ।

पुँजीगत खर्च नहुँदा त्यसले सरकारप्रति नागरिकको सकारात्मक धारणा बन्न सकिरहेको छैन। अबको प्राथमिकता पुँजीगत खर्च बढाएर विकासको प्रतिफल देखाउने हो। पुँजीगत खर्च बढाउन अहिलेदेखि नै प्रक्रियागत काम अघि बढाउन ढिलाइ गर्न हुन्न । पुँजीगत खर्च नहुँदा विकासको प्रतिफल नदेखिंदा नागरिकमा निराशा बढ्नु स्वाभाविकै हो। सुशासनका लागि सरकारले दिएको प्राथमिकताले नागरिकमा सकारात्मक सन्देश प्रवाह भएको छ । मन्त्रालय र मातहतका कार्यालयको चालु खर्चमा लगाम लगाइएको छ। मन्त्रीहरुलाई आचारसंहितामा बाँधिएको छ। कार्यक्रममा खादा, मालाको प्रयोग गरी तडभडक नगर्न मुख्यमन्त्रीले आग्रह गर्दै स्वंय कार्यान्वयनको पहलकदमी लिनु सकारात्मक छ।

सरकारमा मन्त्री आए। सुशासनको लागि पहलकदमी भएको छ। बजेटमा फजुल खर्चलाई नियन्त्रण गर्न पहल भएको छ । तर बजेट कार्यान्वयनका लागि पर्याप्त कर्मचारीको अभाव छ। प्रदेश सरकारलाई अहिले आवश्यक भनेको कर्मचारी हो । दरबन्दीअनुसार कर्मचारी नभएकाले पुँजीगत खर्च गर्न समस्या हुँदै आएको देखिन्छ। दरबन्दीअनुसार अहिले आधा कर्मचारी कार्यरत छन् । न्यून कर्मचारीको भरमा अपेक्षित नतिजा ननिस्कने भएकाले कर्मचारी व्यवस्थापन सरकारको प्राथमिकतामा पर्नुपर्छ ।

# ठग बचाउन गाउँ–गाउँ र बस्ती–बस्तीबाट उठ



विनबहादुर कुँवर

*यो ठगी प्रकरणका मुख्य योजनाकार जीबी, रवि र छवि अनि त्यसका मुख्य कानुनी सल्लाहकार वर्तमान राष्ट्रपति कार्यालयका कानुनी सल्लाहकार बाबुराम कुँवर हुँदै उनका भाइ वर्तमान प्रहरी प्रमुख आइजीपी बसन्तबहादुर कुँवरसम्म पुगेको चर्चा छ। रविलाई जोगाउन स्वयं प्रम केपी ओली सदनमा लागिपरेको, त्यस्तै प्रचण्ड त अहिले पनि रविको सति गएको सर्वविदितै छ। त्यसैले अन्त्यमा यो प्रकरण पनि कतै हात्ती आयो हात्ती आयो फुस्सा भने जस्तै त हुने होइन ? यसमा आम सहकारी पीडित जनसमुदाय सबै सचेत हुनुछ।*

हिन्दु धर्मावलम्बीको ठूलो पर्व विजय दशमी (दसैं) सकिएको छ। अब फेरि अर्को पर्व तिहार भाइटीका मुखैमा आइसकेको छ। त्यस्तै छठ समेत आउँदैछ। नेपालीहरुका लागि यी दुई महिना अर्थात् असोज-कात्तिक खुसियालीका महिनाहरु हुन् । तर यसपालि भने दसैंको मुखमै परेको भारी वर्षा अनि त्यसबाट उत्पन्न ठूलो बाढी, पहिरो र डुबानले ठूलो धनजनको क्षति गरेकाले यी सबै पर्वहरु खल्लो महसुस भएको छ। अर्बौं बराबरको हानी नोक्सानी भएको छ भने सयौं नागरिकहरुको मृत्यु अनि कैयौं नागरिक बेपत्तामा परेका छन्। त्यसैले यी सबै चाड पर्वको खुसी र उत्साह अनि रमझमभन्दा धेरै जसो जनताहरु दुःखमा नै दिन बिताउन बाध्य भएका छन्।

निश्चय नै कुनै पनि प्राकृतिक प्रकोप पूर्व जानकारी गराएर वा कतिपयले भन्ने गरेको पहिले नै बाजा बजाएर आउँछ भन्ने होइन। यस्तै भाषा हाम्रा प्रधानमन्त्री केपी ओलीले पनि अमेरिका भ्रमणबाट फर्के लगत्तै बडो आक्रोसका साथ बताए। जसको चौतर्फी आलोचना भयो । गर्नेलाई भन्दा देख्नेलाई लाज। त्यस्ता लाज श्रम नभएकालाई के भन्ने के नभन्ने चुप लागि बस्दा नै राम्रो । सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता र यसका शासक जो कुनैले पनि भन्ने र गर्ने भनेकै यो हो । रोम जलिरहँदा त्यहाँको तत्कालीन शासक बादशाह निरो गीत संगीतमा रमाइरहेको उदाहरण नै यसमा काफी छ। सामान्य त तत्काल व्यवहारिक रुपमा त्यस्तो उद्धार गर्न नसकिए पनि त्यसप्रति दुःख व्यक्त गर्नु, त्यस्तो दुःख सास्तीमा आफू प्रत्यक्ष उपस्थिति हुन नसकेकोमा क्षमायाचना गर्नु त कहाँ हो कहाँ उल्टै यस्तो गुनासो गर्नेहरुलाई यस्तो ओठे जवाफ फर्काउने शासकमा देखिएको यो अमानवीय व्यवहारले सबैलाई निराश पारेको छ।

यस्तो कुरा र व्यवहार हाम्रा प्रधानन्त्रीको मात्रै होइन यहाँका अरु मन्त्री अनि प्रदेश र स्थानीय निकायका मन्त्री शासकहरुमा पनि देखियो । यतिसम्मकि नख्खु खोलामा अलपत्र परेकाहरुलाई तत्काल उद्धार गर्नु पर्नेमा स्वयं गृहमन्त्रीले त्यो गर्न नसकिएको लाचारिता प्रदर्शन गरे । राजधानीमा जहाँ हजारौं सेना-पुलिस उद्धारकर्मीको उपस्थितिमा समेत सरकारका गृह मन्त्रीको यो लाचारीपनले गर्दा यहाँ सरकार भए नभएको कुनै महसुस गर्न सकेनन् । त्यहाँका जनताले बरु एक युवाले त्यो गृहमन्त्रीको लाचारीपनलाई चुनौती दिँदै दुई जनालाई उद्धार गर्ने हिम्मतलो साहसले नेपालको सरकार सेना पुलिस सबैको शिर झुकेको छ। भन्नलाई तीन तहको सरकार भनियो, तर जनताको उद्धारमा यी सबैको लापरबाहीले जनतामा झन् निराशा बढेर गएको छ। संघीयताको नाममा बनाइएको प्रदेश सरकार त जनताका लागि धेरै पहिलेदेखि नै घाँडो, राजस्व सक्ने मात्र निकाय भन्ने सबैको बुझाइ नै छ। त्यसको के आशा ? केही आशा स्थानीय निकायप्रति थियो । तर यसमा भने त्यो निकाय पनि बेकम्बा रमिते भइबस्यो । सबैको आशाको केन्द्र भन्ने काठमाडौंका मेयर बालेन शाह, धरानका हर्क साम्पाङ अनि धनगढीका गोपी हमाल आदिहरुको पनि हालत त्यस्तै देखियो । सुकुम्बासी हटाउन घर भत्काउन, सडक पेटीमा बस्ने खुद्रा व्यापारीहरुलाई मिनेटभरमा हटाउन उर्दी गर्ने मेयर बालेन्द्र शाहको कथित जन विकासलाई पनि यसले उदाङ्गो पारिदिएको छ । आखिरीमा जस्तो राज्य सरकार त्यस्तै शासक बन्नु स्वाभाविक नै छ।

एकातिर नेपाली जनता बाढीपहिरो, डुबानकै कारण देशको ठूलो चाडपर्व (दसैं) को खुसियाली र रमझमबाट विमुख भइरहेकै बेला हाम्रा पूर्व दरबारिया शासक राजा ज्ञानेन्द्र भने भुटान भ्रमणमा गए। उनी त्यहाँ किन र के का लागि गए ? त्यो कसैलाई थाहा नै छैन । अहिलेसम्म सबै मौन छन् । खाली थाहा भयो त्यहाँ भुटानका राजाले उनलाई राजकीय स्वागत र सम्मान गरेको पाइयो । यतिसम्मकी उनलाई त्यहाँका राजाले उनलाई यहाँका पूर्व राजा समान हिज मेजेस्टकी किंगसम्म भनी उनको सम्बोधन गरियो । तर त्यसप्रति यहाँका शासक, दल नेताहरुको कुनै चासो नै देखिएन। सरकारले कमसेकम त्यसप्रति केही चासो देखाउँदै भुटानका राजदूत मार्फत भुटानका राजालाई यसप्रति सचेत पार्दै भन्नुपर्ने हुन्थ्यो- ज्ञानेन्द्र अब नेपालका राजा नभई जनता भइसकेका छन्। तर यो भन्ने र गर्ने आँटसमेत यसमा नेपाल सरकारले गर्न सकेन, दुःखद छ।

केही दिन पहिले मैले यही दैनिक पत्रिकामा प्रचण्ड-ज्ञानेन्द्र गोप्य भेटवार्ताको केही कुरा लेखेको थिएँ। नभन्दै यसैलाई पुष्टि हुने गरी पछि प्रचण्डले ज्ञानेन्द्र निकटस्त राप्रपाका उपाध्यक्ष रविन्द्र मिश्रसँग आफ्नै निवासमा घन्टौं भेटवार्ता गरेको कुरा बाहिर आयो । यसलाई पुष्टि गर्दै स्वयं रविन्द्र मिश्रले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड राजा ज्ञानेन्द्र र राजतन्त्रप्रति अलि बढी सकारात्मक र लचिलो भएको बताएका थिए। प्रम ओली र नेका सभापति देउवाप्रतिको बढ्दो आक्रोशले आफू मरे भूतै राजा भने जस्तै कतै प्रचण्डको यो राजा र दरबारसितको सम्बन्ध विस्तारै पुष्टि हुँदै जान थालेको छ।

यता फेरि ओली-देउवा पनि यस्ता कुराले किन ज्ञानेन्द्र र उनको आसेपासे पञ्चे-दरबारियाहरुलाई चिडाउने ? चुप लागि बस्दा नै वेश हुनेमा देखिएका छन् । अझ भुटानका राजालाई यसमा झन बढी किन चिडाउने ? भुटानका राजा भारतकै ललिपप राजा। भारतकै पालित-पोषित र संरक्षित राजा । भारतकै सेनाको संरक्षणमा आश्रित राजा । यस्ता राजाको यसमा विरोध गर्दा भारत नै चिडिन सक्ने हुनाले नेपाल सरकार र नेपाली दल नेता (ओली-देउवा-प्रचण्ड) सबै मौन। तर नेपालका आम गणतन्त्रवादी दल र दल नेता र जनताहरुले भने यसको विरोध गर्नै पर्ने हुन्छ। नत्र भने नेपाल ढिलो चाँडो सिक्किम नबने पनि भुटान चाहिँ बन्ने नै देखिन्छ। देशमा स्थापित धर्म निरपेक्ष र लोकतान्त्रिक गणतन्त्रको विरुद्ध देशी तथा विदेशी तत्वहरु सल्बलाउन थालेका छन्। स्वयं आजका यी कथित गणतन्त्रवादी दल (ने.का. एमाले र माओवादी) र यसका नेताहरु समेतको यो विवादास्पद गतिविधिले पुनः देशमा राजतन्त्र फर्कने पो हो कि ? होसियार र सावधान गणतन्त्रवादी आम नेपाली जनता!

यी उल्लेखित विषयका अलवा अहिले देशमा सहकारी रकम ठग रवि लामिछाने प्रकरणको चर्चा व्यापक छ। घण्टी पार्टीका सभापति रवि लामिछानेको बारेमा पहिले नै धेरै पटकपटक भन्दै आइएको छ। संग्दिध चरित्र भएको व्यक्ति जसका कुकृतहरु यसभन्दा पहिले पनि बाहिरिसकेका छन्। अझ यस्ता अनेकौं कुकृतहरु विस्तारै खुल्दै जानेछन्। जहाँसम्म अहिले सहकारी रकम ठगी काण्डमा उनी पुलिस हिरासतमा थुनिएका छन् । सर्वपक्षीय संसदीय छानविन समितिको रिपोर्टको आधारमा उनलाई अहिले गिरफ्तार गरिएको छ। यसमा उनी मात्रै होइन अर्का उनका सहयोगी पाटनर छविलाल जोशी पनि गिरफ्तारीमा छन्। तर अहिले छविको भन्दा पनि रविको चर्चा बढी छ। उनी सम्बन्धित दल रास्वपा अहिले उनकै पक्षमा आन्दोलित छ । सदा यस्ता जुनसुकै कार्यक्रममा घण्टी बजाउँदै हिंड्ने उक्त दलका नेता कार्यकर्ताहरु अहिले नेपाली झण्डा मात्र उठाउँदै आन्दोलनमा देखिएका छन्। अझ अचम्म ठग रवि पोखरा प्रहरी ठानामा यता बाहिर ठगका मतियारहरु 'गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ' भन्ने गीत गुन्जाउँदै शहर परिक्रममा गरिरहेका छन् । जुन हिजो गीत माले-एमालेले क्रान्ति र विद्रोहका लागि गाउँदै हिँड्थे। कहीं नभाको जात्रा हाडी गाउँमा भने जस्तै ठग रवि लामिछानेलाई बचाउन त्यो पहिलेको कम्युनिष्टहरुको प्रसिद्ध गीत संगीतलाई यिनीहरुले भजाउँदै हिडिरहेका छन्।

त्यस्तै यी रवि लामिछानेका दलाल नेता कार्यकर्ताहरुले त्यहाँ सहकारी पीडितहरुको आँखामा छाहारो हाल्न उनीहरुको पक्षमा पनि नारा लगाउँदै हिंडिरहेका छन् । अझ त्यहाँ कतिपय दलाल नेताहरुले अब सहकारी पीडितहरुको यो समस्या समाधानको नेतृत्व नै ठग रविले नै गर्ने उद्घोष गर्दै छन्। विरालाका हात सिद्राको नासो कस्तो अचम्म ? गर्नेलाई भन्दा अरु देख्ने र सुन्नेलाई लाज । जे होस् वर्तमान यो सरकारका धेरै अवगुण भए पनि यो सहकारी ठगी प्रकरणमा रवि लामिछानेजस्ता ठग पूर्व गृहमन्त्री र सभासदलाई समेत गिरफ्तार गरी यो सहकारी रकम ठगी प्रकरण समस्यालाई समाधान गर्ने जुन प्रयत्न गरेको छ, सकारात्मक छ । तर यससँग सम्बन्धित यस्ता सबै ठगहरुलाई यसरी नै गिरफ्तार गरी कारबाही चलाउन भने पछि पर्नु हुन्न। चाहे ती कांग्रेसी हुन वा चाहे ती माले-एमाले-माओवादी जोसुकै हुन सबैलाई यसरी नै गिरफ्तार गरी कारबाही गरी सहकारी पीडित सबैको न्यायोचित राहत दिलाउन सक्नु पर्दछ।

निश्चय नै यो लहरो तान्दा पहरो नै भत्के जस्तै यसको लहरो घण्टी पार्टीमा मात्रै होइन स्वयं कांग्रेस-एमाले र माओवादी व्यक्तिगत रुपमा भन्दा देउवा–ओली र प्रचण्डसम्म पुग्ने देखिदैछ । हालै मात्र यो ठग रवि प्रकरण राष्ट्रपति कार्यालयदेखि प्रहरी मुख्यालयसम्म पुगेको सुनिदैछ। यो ठगी प्रकरणका मुख्य योजनाकार जिवी, रवि र छवि अनि त्यसका मुख्य कानुनी सल्लाहकार वर्तमान राष्ट्रपति कार्यालयका कानूनी सल्लाहकार बाबुराम कुँवर हुँदै उनका भाई वर्तमान प्रहरी प्रमुख आइजीपी बसन्त बहादुर कुँवरसम्म पुगेको चर्चा छ। रविलाई जोगाउन स्वयं प्रम केपी ओली सदनमा लागि परेको, त्यस्तै प्रचण्ड त अहिले पनि रविको सति गएको सर्वविदितै छ। त्यसैले अन्त्यमा यो प्रकरण पनि कतै हात्ति आयो हात्ति आयो फुस्सा भने जस्तै त हुने होइन ? यसमा आम सहकारी पीडित जनसमुदाय सबै सचेत हुनुछ। न्यायका लागि विद्रोह गर्नु जनताको अधिकार हो।


## मोटरसाइकल हराएको सूचना

के. एन.पी. इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को नाममा रहेको निम्न व्यहोरा भएको मोटरसाइकल यही मिति २०८१।०६।०२ गते राति करिब १२.३० बजेको समयमा कंचन गाउँपालिका वडा नं. १ लौसाबाट घरअगाडि पार्किङ्गमा रहेको अवस्थामा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला ।

| | |
|---|---|
| ऋणीको नामः | उमेश सुनार |
| ठेगानाः- | कञ्चन गाउँपालिका वडा नं-१, लौसा, रुपन्देही |
| मोटरसाइकल न.ः- | लु ८२ प ३३१० |
| इन्जिन नं.ः- | G3J3E0564261 |
| च्यासिस नं.ः- | ME1RG445AM0085340 |
| मोडल ः- | Yamaha FZ-S |
| मोबाइल नं.ः- | ९८०७४६०८४६ |

## सरावल गाउँपालिकाको हार्दिक अनुरोध

### डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु

यो रोगबाट बच्नको लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनुपर्दछ। यसको लागि लामखुट्टेको नियन्त्रण नै सबैभन्दा उत्तम उपाय हो । लामखुट्टेको नियन्त्रण गर्न तल दिइएका कुराहरुमा ध्यान दिनुपर्छ।

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्ने ।
- लामखुट्टेको टोकाइबाट बच्न सधैं राति र दिउँसो पनि झुलभित्र सुत्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुऱ्याउने ।
- झ्याल/ढोकाका जाली लगाई बन्द राख्ने ।

अनुरोधक
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी,(ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

## लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, तिनाउ गाउँपालिका वडा न. ०१ मा निजि जग्गा सम्माउने र खेतियोग्य बनाउने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/०७/०९)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः झमन सिंह लम्तरी मगर<br>ठेगानाः तिनाउ गाउँपालिका-०१, पाल्पा जिल्ला, लुम्बिनी प्रदेश,<br>फोन नं.:९७६९३१४२०३ |
| प्रस्तावको व्यहोरा | • कार्यान्वयन हुने स्थानः तिनाउ गाउँपालिका-०१, आरखोदी क्षेत्र<br>• जग्गाको विवरणः तिनाउ गाउँपालिका वडा न ०१, कि.न. ९०१ (६-१३-३-१) रोपनी, निजि जग्गा<br>• प्रस्ताव बारे सामान्य जानकारी : तिनाउ गाउँपालिका वडा न. ०१ मा पर्ने निजि जग्गा कि.न. ९०१ (६-१३-३-१) रोपनी जग्गामा ग्रहासुधार कार्यका निम्ति प्रारम्भिक वातावरणीय अध्ययन कार्य<br>• लगानी किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | पाल्पा जिल्ला / तिनाउ गाउँपालिका वडा न. ०१ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न तिनाउ गाउँपालिका-०१ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा तिनाउ गाउँपालिका वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः झमन सिंह लम्तरी मगर<br>ठेगानाः तिनाउ गाउँपालिका-०१, पाल्पा जिल्ला, लुम्बिनी प्रदेश,<br>फोन नं.:९७६९३१४२०३ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनीयरिंग कन्सल्टेन्ट एंड बिल्डर्स, तिलोत्तमा-०५, रुपन्देही<br>इमेल: uecb2017@gmail.com<br>सम्पर्क नं: ९८६७१८९०५१ |


## खेलाडीलाई सम्मान



देवदह। देवदह नगरपालिकाले अन्तर्राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्दै विजय भएका खेलाडीहरुलाई सम्मान गरेको छ । गत असोज २० र २१ गते भारतको बंगालमा भएको तेश्रो अन्तर्राष्ट्रिय खुल्ला कराँते प्रतियोगितामा विजेता खेलाडीलाई नगरपालिकाले एक कार्यक्रमकाबिच सम्मान गरेको हो।

उक्त नेपालको प्रतिनिधित्व गर्दै गएका खेलाडीले प्रतियोगितामा द्वितीय भएको शोभाखर पन्थले जानकारी दिए। प्रतियोगितामा नेपालले ९ स्वर्ण र ५ रजत पदक हात पारेको थियो। प्रतियोगितामा भारत प्रथम, नेपाल द्वितीय र बंगाल तृतीय भएको थियो । प्रतियोगितामा नेपालका दुईजना उत्कृष्ट खेलाडीको रुपमा घोषित भएको कराँतेका प्रशिक्षक गामुध्वज मल्लले जानकारी दिए।

खेलाडीहरुलाई सम्मान गर्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले भारतको बंगालमा भएको तेश्रो अन्तर्राष्ट्रिय खुल्ला कराँते प्रतियोगितामा नेपाल द्वितीय हुँदै देवदहको अन्तर्राष्ट्रियस्तरमा नाम चिनाउन सफल भएको बताए । उनले कराँते खेलको भविश्य राम्रो रहेको बताउँदै खेलकुदको माध्यमबाट देवदहलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनु पर्नेमा जोड दिए।

नगर प्रमुख खरेलले खेलकुदको विकासको लागि नगरपालिकाले विभिन्न योजना अगाडि सारेको बताउँदै खेलाडीको संरक्षणमा नगरपालिका लाग्ने प्रतिबद्धता व्यक्त गरे । उनले स्थानीय तह, खेलाडी र खेलप्रेमीहरुको एकताले मात्र खेलकुदको विकास गर्न सकिनेमा जोड दिए । नगरप्रमुख खरेलको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा उपप्रमुख विद्यालक्ष्मी गुरुङ्ग, निमित्त प्रमुख प्रशासकीय अधिकृत रमेश गिरी, शिक्षा अधिकृत पर्शुराम ढकाल, खेलाडी, प्रशिक्षक, अफिसियलहरुको सहभागिता रहेको थियो । सुरज पोखरेलीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

**ट्रंकलाइन...**

तर प्राधिकरणकै कमजोरी रहेको विषय बाहिर आउँदा अन्य उद्योगसँगको विवादमा समेत आफू तल परिने डरका कारण बाहिर बोल्न सकेका छैनन्,' श्रेष्ठ भन्छन्-'यहाँका उद्योग अनुगमन गर्न आउँदा समेत घिसिङले तपाईंहरूको विवाद नहुनुपर्ने भइहाल्यो, समाधान गरिदिन्छौं भन्दै पटक-पटक सान्त्वना दिए, तर समाधान भएन ।'

देशभरिको बक्यौता विवाद एकै ठाउँमा राखेर मुद्दा बनाइएकाले राजनीतिक तहबाट समेत यहाँका उद्योगीको खास समस्या सरोकारवाला समक्ष नपुगेको उद्योगीको गुनासो छ ।

विवादको सुरुवात कहाँ कसरी भयो भन्ने गहिराइमा नपुगी सबै उद्योगीको मुद्दा एकै नजरले हेर्दा यो समस्या समाधान हुनुको सट्टा झन् सबैलाई खेल्ने ठाउँ बनिरहेको भलबारी स्वचालित चामल कारखाना सञ्चालक चन्द्रमान श्रेष्ठ बताउँछन् । 'यहाँका उद्योगको हुँदै नभएको समस्या गिजोलेर वास्तविक बक्यौता बुझाउनुपर्ने दायित्व भएका उद्योगले फाइदा उठाइरहेका छन्, यसतर्फ सरकारको ध्यान जाओस् ।'-श्रेष्ठले भने ।

प्राधिकरण सञ्चालक समितिबाट कुनै निर्णय नै नगरी भैरहवा वितरण केन्द्रको लोड व्यवस्थापन गर्ने प्रयोजनका लागि माग नै नगरे पनि १४ उद्योग ट्रंकलाइनमा गएको तथ्य भक्तबहादुर पुन समितिले पुष्टि गरिसकेको अवस्थामा यी उद्योगको विवाद विनासर्त समाधान गर्नुपर्ने श्रेष्ठ बताउँछन् ।

**छुट्टा...**

यसैबीच दाङमा नुहाउने क्रममा डुबेर तीन बालिकाको मृत्यु भएको छ ।

लमही नगरपालिका -२ रनियाँपुरका तीन जना बालिकाको राप्ती नदीमा डुबेर मृत्यु भएको वडा प्रहरी कार्यालय लमहीले जनाएको छ ।

